# "तिला गाँउपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१"

कार्यपालिकाबाट स्वीकृत मिति :२०८१।०३।१० गते

तिला गाउँपालिका
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश, नेपाल

तिला गाउँपालिकामा गर्भवती तथा सुत्केरी महिलाहरु,अशक्त,घाईते,दैवी प्रकोपमा परेका व्यक्ति तथा विभिन्न समयमा ईमेर्जेन्सी स्वास्थ्य समस्याले निम्त्याउने आकस्मिक उपचारको लागि एम्बुलेन्स सेवा प्रदान गर्न वान्छनिय भएकोले नेपालको संविधानको स्वास्थ्य सम्बन्धि हकलाई मध्यनजर गरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ बमोजिम तिला गाउँपालिकाको मिति २०८१ असार १० गतेको गाउँकार्यपालिका बैठकको निर्णयबाट तिला गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम तिला गाउँपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ रहनेछ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकावाट स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "एम्वुलेन्स" भन्नाले तिला गाउँपालिका अन्तर्गत कुडारी स्वास्थ्य चौकी डुण्डेली जुम्लाले सञ्चालन गरेको एम्बुलेन्सलाई जनाउने छ ।

(ख) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई जानाउँछ ।

(ग) "गाउँपालिका" भन्नाले तिला गाउँपालिकालाई जनाउँछ ।

(घ) "स्वास्थ्य चौकी" भन्नाले कुडारी स्वास्थ्य चौकीलाई जनाउँछ ।

(ङ) "समिति" भन्नाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(च) "कर्मचारी" भन्नाले गाउँपालिका र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले तिला गाउँकार्यपालिकाको बैठक निर्णय गरी समय समयमा तोकिए बमोजिममा कार्य सम्झनु पर्छ ।

३. उद्देश्य : (१) यस कार्यविधिका प्रमुख उद्देश्य निम्नानुसार रहेका छन ।

(क) तिला गाउँपालिका क्षेत्र भित्र र नजिकको स्थानिय तहमा समेत स्वास्थ्य समस्या भएका नागरिकहरुको उपचारको लागी नजिकको अस्पताल वा स्वास्थ्य संस्था सम्म पुर्याउनु ।

(ख) गर्भवती, सुत्केरी र गर्भावस्थामा जटिल स्वास्थ्य समस्या भएका महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराई मातृशिशु मृत्यू न्यूनिकरण गर्नु ।

(ग) विश्वासनिय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनु ।

(घ) एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन व्यवस्थित तरिकाले प्रचलित कानून बमोजिम गर्नु ।

## परिच्छद २

### एम्बुलेन्स सञ्चालन सम्बन्धि व्यवस्था

४. एम्बुलेन्स सञ्चालन गर्न सुनिश्चित हुनुपर्ने विषय : (१) एम्बुलेन्स संचालनको लागि देहायका विषय सुनिश्चित गर्नेपर्नेछ ।

(क) चौबिसै घण्टा खटिन एक जना हलुका सवारी चालक (एम्बुलेन्स चालक) ।

(ख) एम्बुलेन्स सञ्चालन गर्ने संस्था ।

(ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट एम्बुलेन्स सञ्चालन सम्वन्धमा अनुमती पत्र ।

(घ) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भई लागु हुने अन्य विषयहरु ।

(ङ) एम्बुलेन्स सञ्चालनका लागि संघीय कानून बमोजिम आवश्यक विषयहरु ।

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागी एउटा छुट्टै कोष खडा गरिनेछ । सो कोषमा प्रत्येक वर्ष गाउँपालिकाको वार्षिक बजेटबाट आवश्यक रकम जम्मा गरी कोषको वृद्धि गरिनेछ ।

(३) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषमा वार्षिक रुपमा गाउँपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्बुलेन्स सेवा शुल्क, एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान तथा आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ । सोही कोषबाट एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका सम्पुण खर्चहरु गरिनेछ ।

५. एम्बुलेन्स सञ्चालन गर्ने संस्था : (१) एम्बुलेन्स सञ्चालन कुडारी स्वास्थ्य चौकीले गर्नेछ । यस पछि कुनै प्रकारले एम्बुलेन्स थप वा प्राप्त भएमा एम्बुलेन्स प्राप्त गर्ने संस्थाले एम्बुलेन्स सञ्चालन गर्नेछ ।

(२) उपदफा १ बमोजिम सञ्चालन हुने एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनको लागि गाउँकार्यपालिकाले आवश्यक निर्णयहरु गर्न सक्नेछ ।

६. अन्य संघ संस्था वा निजि क्षेत्रद्धारा एम्बुलेन्स सञ्चालन र एम्बुलेन्स संचालन समिति सम्बन्धि व्यवथा :

(१) गाउँपालिकाले शर्त सहित सम्झौता गरी वा कुनै पनि गैर नाफा मुलक संस्था वा निजि क्षेत्रबाट एम्बुलेन्स सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा १ बमोजिम संस्था छनौटको लागि कम्तिमा ७ दिनको प्रस्ताव आहानको सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गरी सञ्चालन गर्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिम संस्था छनौट गर्दा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी प्रस्तावित रकम र मित्यव्ययीतालाई विशेष ध्यान दिई कार्यालयले मुल्याङ्कन गर्ने छ ।

परिच्छेद ३

कर्मचारी व्यवस्थापन, सेवा सुविधा आचरण

७. पदपूर्ति सेवा सुविधा : (१) दफा ५ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको कर्मचारी (एम्बुलेन्स चालक) पदपूर्ति, नियुक्ति र सम्झौता गाउँपालिकाले गर्ने छ । पदपूर्तिको लागि गाउँपालिकाले ७ देखि १५ दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नुपर्ने छ ।

(२) उपदफा १ बमोजिम एम्बुलेन्स चालक पदपूर्तिका लागि मौखिक र प्रयोगात्मक परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत : संयोजक

प्रशासन शाखा प्रमुख : सदस्य

गाउँकार्यपालिकाले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी : सदस्य

(३) उपदफा २ बमोजिको समितिले प्रयोगात्मक परीक्षाको लागि अनुभव प्राप्त हलुका सवारी चालक छनौट गर्न सक्नेछ ।

(४) पदपूर्ति समिति छनौट गरेको सफल उम्मेदारलाई अनुसूची २ बमोजिमको नियूक्ति पत्र र अनुसूची ३ बमोजिमको सम्झौता पत्र गाउँपालिकाले उपलब्ध गराउनुपर्नेछ । नियुक्ति पश्चात निजलाई कामकाजमा ताकिएको संस्थाले खटाउनु पर्नेछ ।

(५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि एम्बुलेन्स चालकलाई खटाइएको स्थानको निगरानी गाउँपालिकाले गर्न सक्नेछ ।

(६) कामकाजमा खटाइएको एम्बुलेन्स चालकको सेवा सुविधा हलुका सवारी चालकको सेवा सुविधा सरह हुनेछ । सेवा सुविधा नियुक्ति दिइएको दिन देखि लागु हुनेछ । यसका अतिरिक्त रात्रिकालिन सेवा वापत भाडाको ५ प्रतिशतका दरले थप भत्ता उपलब्ध गराइनेछ । यसका लागि गाउँपालिकाको कोषबाट कुनै रकम व्यहोरिने छैन ।

(७) एम्बुलेन्स चालकलाई कुनै प्रकारको विदा उपलब्ध गराईने छैन । सार्वजनिक विदाको समयमा सेवा प्रवाह गरे वापत आम्दानिको ५ प्रतिशतका दरले भत्ता उपलब्ध गराइने छ ।

(८) उपदफा ७ मा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक विदाको दिनमा सेवा प्रवाह गर्नुपर्ने अवस्था नरहेको खण्डमा चालकले अन्य कर्मचारी सरह विदा पाउने छ ।

८. आचरण : एम्बुलेन्स चालकले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।
(१) एम्बुलेन्सको उचित तरिकाले सञ्चालन, रेखदेख र संरक्षण गर्ने ।
(२) एम्बुलेन्स सञ्चालन भएको अवधि र खपत भएको इन्धन अभिलेख दुरुस्त राख्ने ।प्रत्येक सात/सात दिनमा जम्मा भएको रकम गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कोषको खातामा जम्मा गर्ने ।
(३) एम्बुलेन्स सञ्चालन गर्ने अनुमति भएको ठाउँ भन्दा अन्यत्र सञ्चालन गर्दा समितिको पूर्व स्वीकृती लिएर मात्र सञ्चालन गर्ने ।
(४) एम्बुलेन्सको नियमित सरफाई, चेक जाँच गरी अध्यावधिक राख्ने र मर्मतका लागि सम्बन्धित शाखामा सूचना गर्ने ।
(५) सवारी सञ्चालनका क्रममा हुन सक्ने सम्भावित दुर्घटना र जोखिम उपर पूर्व सावधानि अपनाउने ।
(६) एम्बुलेन्स सञ्चालन तथा बिमा सम्वन्धमा समय समयमा आर्थिक प्रशासन शाखामा जानकारी गराउने ।
(७) एम्बुलेन्स सञ्चालन समिति एवं प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन बमोजिम गर्ने ।
(८) करार सम्झौता भङ्ग गर्न सकिने : कार्य सम्पादन सन्तोषजनक नभएमा एम्बुलेन्स सञ्चालन समितिको सिफारिसमा जुनसुकै समयमा गाउँपालिकाले करार सम्झौता भङ्ग गर्न सक्नेछ ।

९. एम्बुलेन्स भाडा दर निर्धारण : एम्बुलेन्स सञ्चालन समिति, जुम्लाबाट निर्धारण भएको दर रेटको आधारमा समयानुकुल र भौगोलिक विकटताका आधारमा गाउँ कार्यपालिकाको सिफारिसमा गाउँसभाबाट स्वीकृत दर रेट लागु हुनेछ ।
१०. गर्भवती तथा सुत्केरी निःशुल्क एम्बुलेन्स सेवा : गर्भवती तथा सुत्करी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा लिनको लागि देहाय बमोजिमको मापदण्ड पुरा गर्नु पर्ने

(१) गर्भवती तथा सुत्केरी महिलाहरुले स्थानिय स्वास्थ्य संस्थामा सुत्केरी गराउन पर्ने, स्वास्थ्य संस्था सम्मको भाडा जन्म दर्ता प्रमाण पत्रको आधारमा निःशुल्क प्रदान गरीने छ ।

(२) सुत्केरीमा हुने जटिलता भई प्रेषण गर्नु परेका स्वीस्थ्य संस्थाको प्रेषण पूर्जा, जाँचको प्रतिवेदन र सुत्केरी पश्चात अनिवार्य अस्पतालको डिस्चार्ज कार्ड पेश गरेमा जुम्ला अस्पताल सम्मको लागि मात्र एकतर्फि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ ।

## परिच्छद ४

## एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोष सम्वन्धि व्यवस्था

११. कोषको व्यवस्था : (१) एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोष स्थापना गरिनेछ ।

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषमा देहाय बमोजिम प्रप्त रकम जम्मा गर्न सकिनेछ ।

(क) एम्बुलेन्स सञ्चालन गर्दा आम्दानिको रुपमा प्रप्त भएको रकम ।

(ख) गाउँपालिकाले वार्षिक रुपमा अनुदान मार्फत प्रदान गर्ने रकम ।

(ग) बिभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट एम्बुलेन्स सञ्चालनको लागि सहयोग स्वरुप प्रदान गरिएको रकम ।

१२. कोषको प्रयोग : दफा १० बमोजिम स्थापना गरिएको कोषको रकम देहाइको प्रयोजनको लागि मात्र प्रयोग हुनेछ ।

(१) एम्बुलेन्स चालकको पारिश्रमिक, भत्ता र अन्य सेवा सुविधा ।

(२) एम्बुलेन्सको ईन्धन ।

(३) एम्बुलेन्सको मर्मत सम्भार ।

(४) एम्बुलेन्समा प्रयोग हुने उपकरण पाटपूर्जा खरिद तथा मर्मत ।

(५) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको बैठक खर्च ।

(६) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँकार्यपालिकाले तोकेको अन्य एम्बुलेन्स सञ्चालन संग सम्वन्धित क्षेत्र ।

(७) एम्बुलेन्स सञ्चालन गर्दा आईपनृ विविध तथा भैपरी खर्च ।

(४) उपदफा ३ बमोजिम मुल्याङ्कन गर्दा छनौट भएका संस्थालाई गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्बुलेन्स सञ्चालनका लागि हस्तान्तरण गरिनेछ ।

(५) उपदफा १ २ ३ र ४ मा जुनसुकै कुरा लेखिएता पनि स्वास्थ्य संस्थाकै नाममा खरिद गरिएको एम्बुलेन्सको हकमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी गाउँ कार्यपालिकाले निर्णय गरी संस्थालाई हस्तान्तरण गर्न सक्नेछ ।

(६) उपदफा ५ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको संचालन, व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुरुपमा कार्यमा एम्बुलेन्स प्रयोगको लागि देहाएको एम्बुलेन्स सञ्चालन समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष : संयोजक

(ख)प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) कार्यपालिकाले तोकेको एकजना महिला सहित २ जना कार्यपालिका सदस्य सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ङ) जिन्सी शाखा प्रमुख सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख सदस्य सचिव

(छ) गाउँपालिका अध्यक्ष संरक्षक सल्लाहकार रहने ।

समितिका संयोजकले आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी, कर्मचारी वा अन्य व्यक्तिलाई आमन्त्रण गरी परामर्श लिन सक्नेछ ।

(७) उपदफा ६ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सञ्चालन व्यवस्थापन गर्ने सेवा प्रदायक निकायको नियमन गर्ने र देखिएका समस्या समाधानमा सहजिकरण गर्ने ।

(ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स- सञ्चालनको सुनिश्चितताको व्यवस्था मिलाउने ।

(ग) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषको परिचालन तथा सम्बन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरी सो को विवरण कार्यपालिकामा पेश गरी अनुमोदन गराउने ।

(घ) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका विरामीको लागि बैकल्पिक साधनको प्रबन्ध गर्ने ।

(ङ) समितिबाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धिको त्रैमासिक प्रतिवेदन अनुसूची १ बमोजिम कार्यपालिका समक्ष पेश गर्ने ।

(च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवम सहजिकरण गर्ने ।

(छ) एम्बुलेन्स सञ्चालनबाट भएको आम्दानी तथा खर्चलाई बैकिङ प्रणालीबाट गर्ने व्यवस्था मिलाउने ।

| | | | |
|---|---|---|---|
| २. | | | |
| ३. | | | |

५.स शुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका व्यक्तिहरुको विवरण :

| क.सं | व्यक्तिको नाम | ठेगाना | बिरामिको प्रकार | शुल्क |
|---|---|---|---|---|
| १. | | | | |
| २ | | | | |
| ३. | | | | |

६. नि:शुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका गर्भवती र सुत्केरी महिलाको विवरण :

| क.सं. | महिलाको नाम | ठेगाना | एम्बुलेन्सले लगेको | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | | | | |
| २. | | | | |

७. आम्दानी र खर्चको विरिण :

| क.सं. | ........महिनाको | | ........महिनाको | | ........महिनाको | | कुल | |
|---|---|---|---|---|---|---|---|---|
| | आम्दानी | खर्च | आम्दानी | खर्च | आम्दानी | खर्च | आम्दानी | खर्च |
| १. | | | | | | | | |

आम्दानी विवरण :

विरामी वोकेको आम्दानी :

भाडामा दिएको आम्दानी :

अन्य आम्दानी :

खर्च विवरण :

चालक तलब भत्ता खर्च :

समिति बैठक खर्च :

सवारी मर्मत सम्भार खर्च :

अन्य खर्च :

कुल बचत :

..............................

संयोजक

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति

दफा ७ को उपदफा ४ संग सम्बन्धित

करार सम्झौता

तिला गाउँपालिका र ..........................बिच भएको करारनामा तिला गाउँपालिका डुण्डेली,जुम्ला (यसपछि प्रथम पक्ष भनिएको) र .........गाउँपालिका/नगरपालिका वडा नं......... स्थायी निवासी श्री................ (यस पछि दोस्रो पक्ष भनिएको) का बीच देहायका शर्तहरुको अधिनमा शर्त उल्लेखित सेवा उपलब्ध गर्ने गराउने सम्बन्धमा यो करारनामा सहिछाप गरी एक/एक प्रति लियौ दियौ ।

:

१. कार्यशर्तको विवरण (TOR) दोस्रो पक्षले यसै साथ संलग्न कार्यविवरण (TOR) बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

२. काम गर्नुपर्ने स्थान .................. स्वास्थ्य संस्था, ..............जुम्ला । सो वाहेक कार्यालयले खटाए बमोजिम अन्यत्रको कार्य गर्न दोस्रो पक्षले इन्कार गर्न पाईने छैन ।

३.पारिश्रमिक : दोस्रो पक्षले यस करारनामा बमोजिम सेवा प्रदान गरे वापत प्रथम पक्षले नेपाल सरकारले तोकेको हलुका सवारी चालक (श्रेणी विहिन) ले पाउने सरहको तलब स्केल, चाडपर्व खर्च, पोशाक भत्ता दोस्रो पक्षलाई प्रदान गर्नेछ । सो वाहेक रात्रिकालिन सेवा उपलब्ध गराए वापत तिला गाउँपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ बमोजिम थप भत्ता उपलब्ध गराइनेछ ।

४. पारिश्रमिक भुक्तानीको तरीका :प्रत्येक महिनाको समाप्ति पछि सम्बन्धित कार्यलयबाट हाजिर उत्तार गरी प्रमाणित भए पश्चात भुक्तानी अुनेछ ।

५.करार अवधि : करार अवधि .........महिनाको .................साल ..........महिना .....गतेबाट लागु भई .......साल .......महिना .........गते सम्म कायम रहनेछ । त्यसपछि कार्यालयले आवश्यक ठानेको सन्दर्भमा मात्र करारनामा नविकरण हुनेछ ।

६. विदा : दोस्रो पक्षले कुनै प्रकारको विदा पाउने छैन ।

७. दावी नपुग्ने : यस करार सेवामा काम गरेकै आधारमा दोस्रो पक्षले पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्तिका लागि दावी गर्न पाउने छैन /गर्ने छैन ।

८. सो पदको लागि स्थायी कर्मचारी खटी आएमा वा अन्य कुनै अवस्था भएमा करार स्वत:
भङ्ग हुनेछ ।

९. दोस्रो पक्षको काम कारवाही सन्तोषजनक नभएमा पहिलो पक्षले ७ (सात) दिनको अग्रीम सूचना दिई पहिलो पक्षले कुनै पनि समयमा करार तोडने सकिनेछ । दोस्रो पक्षले

आफुले प्रदान गर्न असमर्थ भएमा सोको जानकारी कम्तिमा १५ (पन्ध्र) दिन अगाडी नै पहिलो पक्षलाई दिनुपर्नेछ ।

१०.सामान्यतया कार्यालय समयमा तथा आवश्यकता हेरी कार्यालयको काममा कार्यालय समय बाहेकको समयमा पनि पहिलो पक्षले तोकेको समय अवधि सम्म दोस्रो पक्षले काम गर्नुपर्नेछ ।

११.दोस्रो पक्षको जानाजान लापरबाही बाट पहिलो पक्षको कुनै हानी नोक्सानी हुन आएमा प्रचलित नियमानुसार पहिलो पक्षको निर्णय गरृ बमोजिम हर्जना दोस्रो पक्षले बुझाउनु पर्नेछ ।

१२.यस करारनामाका कुनै शर्तहरु दुवै पक्षको आपसी सहमतिबाट आवश्यक संशोधन गर्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन/नियमावली एवं सार्वजनिक खरिद नियमावली २०६४( संशोधन सहित) बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| --- | --- |
| दस्तखत :<br>नाम थर :<br>पद :<br>कार्यालय : तिला गाउँपालिका<br>डुण्ढेली,जुम्ला<br>मिति : | दस्तखत :<br>नाम थर :<br>पद : हलुका सवारी चालक<br>ठेगाना :<br>मिति : |

१३. बाधा अड्काउ फुकाउ गर्न सक्ने : यस कार्यविधि कार्यन्वयनका शिलशिलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यख्या तथा संशोधन गर्न सक्नेछ ।

अनुसूची १

दफा ६ को उपदफा ७ ङ संग सम्बन्धि

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा त्रैमासिक प्रगति विवरण

१.एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिका व्यक्तिहरुको विवरण :

| क.सं | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

२. एम्बुलेन्स सञ्चालन गर्ने संस्थाको विवरण :

| क.स | संस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| १. | | | |
| २ | | | |

३. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको बैठकको विवरण :

| क.सं. | बैठक वसेको मिति | बैठकमा भएका महत्वपूर्ण निर्णयका विषय |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

४.एम्बुलेन्स सञ्चालन भएका स्थानहरुको विवरण :

| क.सं. | एम्बुलेन्स. सञ्चालन भएको | | दुरी कि मि मा |
|---|---|---|---|
| | देखि | सम्मा | |
| १. | | | |

अनुसूची २
दफा ७ को उपदफा ४ संग सम्बन्धित

नियुक्ति –पत्र

मिति :

श्री........................................
.................................जुम्ला ।

विषय : सेवा करार सम्बन्धमा ।

........जिल्ला ............गाउँपालिका/नगरपालिका वडा नं. ......निवासी तपईलाई "तिला गाउँपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०८१" को दफा ७ बमोजिमका सेवा सुविधा पाउने गरी .............स्वास्थ्य चौकी जुम्लामा एम्बुलेन्स चालक पदमा मिति .......................देखि लागु हुने गरी सेवा करारमा कामकाज गर्ने गरी नियुक्ति दिईएको व्यहोरा गाउँपालिकाको मिति .......................गतेको निर्णयानुसार अनुरोध छ ।
तोकिएका आफ्ना जिम्मेवारीहरु प्रचलित कानून बमोजिम अनुशासित, निष्पक्ष, इमान्दार र उत्तरदायी भई कुशलतापूर्वक सम्पन्न गर्नूहोला ।

तिला गाउँपालिका अन्तर्गत .....................स्वास्थ्य चौकीमा एम्बुलेन्स चालकको जिम्मेवारी पाउनु भएकोमा बधाई छ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री आर्थिक प्रशसन शाखा तिला गाउँपालिका डुण्डेली, जुम्ला ।
श्री स्वास्थ्य शाखा तिला गाउँपालिका डुण्डेली, जुम्ला ।
श्री कुडारी स्वास्थ्य चौकी डुण्डेली, जुम्ला । (निजलाई हाजिरि गराई कार्यालयलाई जानकारी दिनुहुन ।)

अनुसूची ३

दफा ७ को उपदफा ४ संग सम्बन्धित

करार सम्झौता

तिला गाउँपालिका र ............................बिच भएको करारनामा

तिला गाउँपालिका /डुण्डेली,जुम्ला (यसपछि प्रथम पक्ष भनिएको) र .........गाउँपालिका/नगरपालिका वडा नं......... स्थायी निवासी श्री................. (यस पछि दोस्रो पक्ष भनिएको) का बीच देहायका शर्तहरुको अधिनमा शर्त उल्लेखित सेवा उपलब्ध गर्ने गराउने सम्बन्धमा यो करारनामा सहिछाप गरी एक/एक प्रति लियौ दियौ ।

१. कार्यशर्तको विवरण (TOR) दोस्रो पक्षले यसै साथ संलग्न कार्यविवरण (TOR) बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

२. काम गर्नुपर्ने स्थान ................... स्वास्थ्य संस्था, ..............जुम्ला । सो वाहेक कार्यालयले खटाए बमोजिम अन्यत्रको कार्य गर्न दोस्रो पक्षले इन्कार गर्न पाईने छैन ।

३.पारिश्रमिक : दोस्रो पक्षले यस करारनामा बमोजिम सेवा प्रदान गरे वापत प्रथम पक्षले नेपाल सरकारले तोकेको हलुका सवारी चालक (श्रेणी विहिन) ले पाउने सरहको तलब स्केल, चाडपर्व खर्च, पोशाक भत्ता दोस्रो पक्षलाई प्रदान गर्नेछ । सो वाहेक रात्रिकालिन सेवा उपलब्ध गराए वापत तिला गाउँपालिकाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ बमोजिम थप भत्ता उपलब्ध गराइनेछ ।

४. पारिश्रमिक भुक्तानीको तरीका :प्रत्येक महिनाको समाप्ति पछि सम्बन्धित कार्यलयबाट हाजिर उत्तार गरी प्रमाणित भए पश्चात भुक्तानी अुनेछ ।

५.करार अवधि : करार अवधि .........महिनाको .................साल ..........महिना .....गतेबाट लागु भई .......साल .......महिना .........गते सम्म कायम रहनेछ । त्यसपछि कार्यालयले आवश्यक ठानेको सन्दर्भमा मात्र करारनामा नविकरण हुनेछ ।

६. विदा : दोस्रो पक्षले कुनै प्रकारको विदा पाउने छैन ।

७. दावी नपुग्ने : यस करार सेवामा काम गरेकै आधारमा दोस्रो पक्षले पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्तिका लागि दावी गर्न पाउने छैन /गर्ने छैन ।

८. सो पदको लागि स्थायी कर्मचारी खटी आएमा वा अन्य कुनै अवस्था भएमा करार स्वत: भङ्ग हुनेछ ।